नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(..................प्रशासन..............शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.: १६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्या:- २०८०/८१/१/११
प्राप्त पत्र संख्या:- .................
च.नं.:- १२२९

मिति : २०८०/०७/२०

विषय :- परिपत्र सम्बन्धमा ।

श्री महाशाखा सबै, ।
श्री नापी कार्यालयहरु, सबै ।
श्री विशेष नापी कार्यालयहरु, सबै ।
श्री डिजिटल नापी कार्यालय, बनेपा ।

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.स. १.१./प्र/२०८०/०८१/१(१)२१, च.नं. ७५२, मिति २०८०/०७/१५ को पत्रसाथ अर्थ मन्त्रालयको प.स. २०८०/८१-१९३, च.नं. २२५, मिति २०८०/०६/२९ को पत्रको छाँया प्रति थान ४ (चार) पत्र साथ संलग्न राखि पठाईएको छ । व्यहोरा उक्त पत्रबाट अवगत गर्नुभई **"सवारी साधान सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धनबाट नगद प्रदान गर्ने निर्देशिका, २०८०"** को जानकारी एवम् आवश्यक कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

..........................
अनन्तराज लामिछाने
शाखा अधिकृत

बोधार्थ :

श्री योजना तथा जग्गा प्रशासन शाखा : MIS Unit, नापी विभाग ।
श्री क.प्र.अभिलेख शाखा, नापी विभाग ।
श्री आ.प्र. शाखा, नापी विभाग ।
श्री भण्डार शाखा, नापी विभाग ।
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग : Website मा upload गरिदिनुहुन ।

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स: ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(प्रशासन शाखा)

पत्र संख्याः- १.१/प्र/२०८०/०८१/१(१)२१
चलानी नं. ६४२

मितिः- २०८०/०७/१५

विषयः- जानकारी तथा निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री प्रशासन सहकारी तथा गरिबी निवारण महाशाखा,
श्री भूमि व्यवस्थापन महाशाखा,
श्री योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा,
श्री गरिबी निवारण कोष अभिलेख व्यवस्थापन कार्यक्रम,
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ।
श्री राष्ट्रिय भूमि आयोग, ताहाचल ।
श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल, काठमाडौं।
श्री नापी विभाग, मिनभवन, काठमाडौं।
श्री सहकारी विभाग, बानेश्वर, काठमाडौं।
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल, काभ्रेपलाञ्चोक।
श्री आर्थिक प्रशासन शाखा,
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय।

१५६५
२०८०-६-२०

प्रस्तुत विषयमा अर्थ मन्त्रालय, सिंहदरवारको प.सं. बजेट प्रशासन च.नं. २०८०/०८१-१९३ २२५ मिति २०८०/०६/२९ को पत्रसाथ संलग्न "सवारी साधान सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धनबापत नगद प्रदान गर्ने निर्देशिका, २०८०" को छाँयाप्रति पाना ३(तीन) आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०८०/०७/१५

(यूनिल राई)
शाखा अधिकृत

बोधार्थः-
श्री अर्थ मन्त्रालय,
सिंहदरवार।

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

संख्यम्मेट प्रशासन
नं.:- २०८०/८१-१९३
२२५

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
दर्ता नं.: ६५९
मिति: २०८०/०७/१२

मिति:२०८०/०६/२९

विषय: सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धनबापत नगद प्रदान गर्ने निर्देशिका सम्बन्धमा।

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

प्रस्तुत विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्को बै.स. ३३/०८० बाट मिति २०८०/०६/१६ मा "सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धनबापत नगद प्रदान गर्ने निर्देशिका, २०८०" स्वीकृत भएको हुँदा आवश्यक कार्यान्वयनको लागि उक्त निर्देशिका थान-१ (एक) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(राम कुमार श्रेष्ठ)
शाखा अधिकृत

७/१२

६/१४

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.ह.म. ४२११४१६

# सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धनबापत नगद प्रदान गर्ने निर्देशिका, २०८०

नेपाल सरकारबाट स्वीकृत मिति:
२०८०/ /

प्रस्तावना: सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धन बापत रकम प्रदान गरी इन्धन खर्चमा मितव्ययिता अपनाई सुशासन कायम गर्न,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस मापदण्डको नाम "सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धन बापत नगद प्रदान गर्ने निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;-

(क) "इन्धन" भन्नाले डिजेल वा पेट्रोल सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले संवैधानिक अङ्ग वा निकाय, अदालत, नेपाल सरकारका मन्त्रालय, आयोग, सचिवालयलगायतका केन्द्रीयस्तरका निकायमा कार्यरत नेपाल सरकारका राजपत्राङ्कित विशिष्ट श्रेणी तथा राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीलाई सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले सवारी साधनको सुविधा प्राप्त गर्ने कर्मचारी कार्यरत रहेका कार्यालय सम्झनुपर्छ।

३. इन्धन सुविधा: कार्यालयले सरकारी सवारी साधन सुविधा प्राप्त गर्ने [illegible] [illegible] कर्मचारीलाई मासिक एकसय लिटर इन्धन र त्रैमासिक [illegible] ब्रेकआयलको सुविधा उपलब्ध गराउनेछ।

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव (राजस्व)

४. इन्धन बापत रकम उपलब्ध गराउने: (१) दफा ३ बमोजिमको इन्धनबापत सम्बन्धित कर्मचारीलाई कार्यालयले इन्धनको मूल्य बराबरको रकम मासिक रूपमा र मोबिल तथा ब्रेकआयल बापतको रकम त्रैमासिक रूपमा उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम रकम उपलब्ध गराउँदा नेपाल आयल निगमबाट प्रत्येक महिनाको एकगतेको लागि कायम भएको इन्धनको बजार मूल्यको आधारमा सो बराबर हुने गरी हिसाब गरेर उपलब्ध गराउनेछ।

(३) यस दफाबमोजिम इन्धन बापत भुक्तानी भएको रकमको कुनै बिलबिजक पेश गर्नुपर्ने छैन।

५. रकम भुक्तानी: यस निर्देशिकाबमोजिम प्रदान गरिने इन्धन बापतको रकम मासिक रूपमा दिने तलब भत्तासँगै सम्बन्धित कर्मचारीलाई भुक्तानी दिइनेछ।

६. इन्धन सुविधा उपलब्ध नहुने: (१) यस निर्देशिकाबमोजिमको सुविधा प्राप्त गर्ने कर्मचारी अध्ययन बिदा वा असाधारण बिदा स्वीकृत भई बिदामा रहेको वा प्रचलित कानूनबमोजिम कुनै कारणले निलम्बनमा रहेको समयमा सो अवधिभर इन्धन बापत पाउने सुविधा उपलब्ध गराइनेछैन।

(२) यस निर्देशिकाबमोजिम इन्धनबापत नगद सुविधा प्राप्त गर्ने कर्मचारीलाई थप छुट्टै इन्धन उपलब्ध गराइने छैन।

७. इन्धनसम्बन्धी थप सुविधा: (१) इन्धन सुविधा पाउने कर्मचारी कुनै कार्यक्रमको लागि वा सरकारी कामको सिलसिलामा काठमाडौं उपत्यका बाहेकका अन्य जिल्ला भ्रमण गर्नुपर्ने भएमा सोही कार्यक्रमबाट सवारी साधन र इन्धनको व्यवस्था गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै कार्यक्रमबाट सवारी साधन तथा इन्धन उपलब्ध हुन नसक्ने अवस्थामा भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीबाट स्वीकृत भएबमोजिमको इन्धन तथा सवारी साधनको व्यवस्था सम्बन्धित कार्यालयले गर्नु पर्नेछ।

८. यसै निर्देशिकाबमोजिम हुने: (१) कार्यालयबाट कर्मचारीलाई इन्धन सुविधा उपलब्ध गराउने सम्बन्धी सबै व्यवस्था यसै निर्देशिकाबमोजिम हुनेछ।

नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव (राजस्व)

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीलाई प्रचलित कानूनमा सवारी साधनको सुविधा प्रयोग गरेवापत दिइने सवारी मर्मत तथा सवारी चालक सुविधा सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा सोहीबमोजिम हुनेछ।

९. विधुतीय सवारी साधनको प्रयोगः यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारीलाई विधुतीय सवारीको सुविधा उपलब्ध भएको अवस्थामा यस निर्देशिकाबमोजिम इन्धन वापत उपलब्ध गराइने रकमको आधा रकम प्रदान गरिनेछ।

१०. इन्धन बापतको रकममा कर लाग्नेः इन्धनबापत नगद उपलब्ध गराउँदा सो नगद रकम सम्बन्धित कर्मचारीको कुल आम्दानीमा गणना गरी प्रचलित कानूनबमोजिम कर लाग्नेछ।

११. दुरुपयोग गर्न नहुनेः (१) यस निर्देशिका बमोजिम इन्धन सुविधा प्राप्त गर्ने कर्मचारीले दोहोरो पर्ने गरी इन्धनवापतको सुविधा लिन पाइने छैन।

(२) उपदफा (१) विपरीत कुनै कर्मचारीले दोहोरो सुविधा लिएको पाइएमा कार्यालय प्रमुखले सम्बन्धित कर्मचारीबाट असुलउपर गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम असुल उपर नगर्ने कर्मचारी र कार्यालय प्रमुखलाई प्रचलित कानूनबमोजिम विभागीय कारवाहीको लागि अख्तियारवालासमक्ष लेखी पठाउनु पर्नेछ।

१२. मार्गदर्शनको रूपमा लिन सक्नेः प्रदेश सरकारले र नेपाल सरकारको स्वामित्वमा रहेका सङ्गठित संस्थाले यस निर्देशिकाको व्यवस्थालाई मार्गदर्शनको रूपमा लिई कार्यान्वयन गर्न सक्नेछन्।

१३. बाधा अड्काउ फुकाउनेः यस निर्देशिकाको कार्यान्वयनमा कुनै समस्या उत्पन्न भएमा अर्थ मन्त्रालयले जुनसुकैबखत आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ।

नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव (राजस्व)